प्रदेश सरकार

प्रदेश नं. २

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

## जनकपुरधाम, धनुषा

### साझेदारीमा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७७/१२/०५)

यस निर्देशनालयको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश नं. २ को "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संशोधन, २०७७)" अनुरुप देहाय बमोजिमका कार्यक्रमहरु ५० प्रतिशतको लागत साझेदारीमा संचालन गर्न कार्यक्रम अनुसार ईच्छुक कृषक, कृषक समूह, दुग्ध/कृषि सहकारी संस्था/कृषि उत्पादनमा संलग्न नीजि फार्म/उद्यमीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन (मिति २०७७/१२/१९) सम्म कार्यालय समयभित्र यस निर्देशनालय वा मातहतका भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा तपसिल अनुसारका कागजातहरु संलग्न राखी सिलबन्दी आवेदन/प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ। आवेदन पत्र सम्बन्धित जिल्लाको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा यस निर्देशनालयबाट प्राप्त गर्न सकिनेछ। यस सम्बन्धमा थप जानकारीका लागि यस निर्देशनालयको पशु चिकित्सक डा. रंजीत कुमार अधिकारी (मोवाईल नम्वरः ९८४४०२८१५७) र अधिकृत श्री जीवछ यादव (मोवाईल नम्वरः ९८४४०९८६१९) लाई सम्पर्क गर्नु हुन अनुरोध छ।

देहायः

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | लक्ष्य परिमाण | कार्यक्रम संचालन हुने जिल्लाहरु | साझेदारहरु |
|---|---|---|---|---|---|
| १. | लोक तथा हुलाकीमार्ग लक्षित व्यावसायिक स्टल फिडिङ्ग बाखा पालन कार्यक्रम | संख्या | १६ | ८ वटै जिल्लामा प्रति जिल्ला २ वटा | नीजि व्यावसायिक फार्म/कृषक उद्यमी |
| २. | मोडेल फार्म तथा श्रोत केन्द्र स्थापना कार्यक्रमः (गाई-सप्तरी र रौतहट), (भैसी-धनुषा र बारा), (बाखा-महोत्तरी र सर्लाही) (माछा-सिरहा र पर्सा) | संख्या | ८ | ८ वटै जिल्लामा प्रति जिल्ला १ वटा | नीजि व्यावसायिक फार्म/कृषक उद्यमी |
| ३. | हाँसको ह्याचरी स्तरोन्नति तथा प्रबर्द्धन कार्यक्रम | संख्या | १ | धनुषा | नीजि व्यावसायिक फार्म/कृषक उद्यमी |
| ४. | नीजि, सार्वजनिक, सहकारी संघ संस्थाको साझेदारीमा दुध संकलन तथा चिस्यान केन्द्र स्थापनाको लागि अनुदान सहयोग | संख्या | ८ | ८ वटै जिल्लामा प्रति जिल्ला १ वटा | नीजि व्यवसायी, व्यावसायिक संघ/संस्था, कृषक समूह/सहकारी संस्था |
| ५. | स्थानीय तहमा दुध सहकारी संस्थाको साझेदारीमा दुध संकलन तथा चिस्यान केन्द्र स्थापना | संख्या | १६ | ८ वटै जिल्लामा प्रति जिल्ला २ वटा | दुग्ध/कृषि सहकारी संस्था |
| ६. | नयाँ मत्स्य नर्सरी निर्माण (सप्तरी, सिरहा, सर्लाही र रौतहट-२/२ वटा तथा अन्य जिल्लाहरुमा-१/१ वटा) | संख्या | १२ | ८ वटै जिल्लामा | नीजि व्यावसायिक फार्म/कृषक उद्यमी |
| ७. | नयाँ मत्स्य ह्याचरी निर्माण | संख्या | ८ | ८ वटै जिल्लामा प्रति जिल्ला १ वटा | कृषक उद्यमी, कृषक समूह, सहकारी, संस्था, नीजि फार्म |

तपसिलः

१. रु.१० को टिकट टाँस गरी फा.नं.२ अनुसारको प्रस्ताव/आवेदन,

२. व्यक्तिको हकमा निजको र कानुन बमोजिम दर्ता भएका व्यावसायिक/नीजि फार्म/समूह/कृषि सहकारी/दुग्ध सहकारीको प्रस्तावमा हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि,

३. सम्बन्धित निकायमा दर्ता भएको व्यावसायिक फार्म/समूह/सहकारीको दर्ता प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,

४. फा.नं.३ अनुसारको संक्षिप्त व्यावसायिक कार्ययोजना, लागत प्रतिबद्धता र स्थानीय तहको सम्बन्धित शाखाको सिफारिस,

५. समूह/सहकारीको हकमा कार्यक्रम कार्यान्वयन प्रतिबद्धता सम्बन्धी आधिकारिक बैठकको निर्णयको प्रतिलिपि,

६. तालिम, शैक्षिक योग्यताका प्रमाण-पत्रका प्रतिलिपिहरु,

७. कार्यक्रम संचालन गर्नुपर्ने स्थानको जग्गाको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनी प्रमाणपूर्जा समेत करार पत्र (नोटरी पब्लिकबाट प्रमाणित) वा जग्गाधनीको सक्कल मन्जुरीनामा (कम्तीमा ५-१० वर्ष अवधि कार्यक्रम अनुसार) समेत,

८. लोक तथा हुलाकीमार्ग लक्षित व्यवसायिक स्टल फिडिङ्ग बाखा पालन कार्यक्रमको हकमा बैदेशिक रोजगारबाट फर्केको वा जान चाहने युवाको पासपोर्ट/भिसाको प्रतिलिपि,

९. दुध संकलन तथा चिस्यान केन्द्र स्थापनाको हकमा व्यवसाय योजना बमोजिमको डिजाईन र लागत अनुमान,

१०. अन्य आवश्यक कागजातहरु

पुनश्चः निवेदन/प्रस्तावको ढाँचा यस कार्यालयबाट वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट प्राप्त गर्न सकिनेछ।

.............................

(डा. रंजीत कुमार अधिकारी)

पशुपन्छी उत्पादन तथा बजार प्रवर्द्धन शाखा

(जागेश्वर यादव)